हेटौंडा उपमहानगरपालिकाको वार्षिक समीक्षा । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-२० ● २०७९ मंसिर १२ गते सोमबार, ● 28 Nov. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मकवानपुरका निर्वाचित उमेद्वारको योग्यताः

# 'अण्डर एसएलसीदेखि मास्टर्स'सम्म

◆ विकास संवाददाता

यहि ४ मंसिरमा सम्पन्न प्रतिनीधि र प्रदेशसभा निर्वाचनको मत परिणाम बाहिरएसंगै निर्वाचित व्यक्तिहरूको विविध पक्षको समिक्षा हुन थालेको छ । यससंगै मकवानपुरबाट निर्वाचित २ प्रतिनीधिसभा र ४ प्रदेशसभामा निर्वाचित सांसदहरूको शैक्षिक योग्यता 'अण्डर एसएलसीदेखि 'मास्टर्स'सम्म रहेको पाइएको छ । निर्वाचन आयोगले आफ्नो वेभसाइटमा सार्वजनिक गरेको उमेद्वारको वैयक्तिक विवरण (अनुसूची १०) मा उक्त शैक्षिक योग्यता सार्वजनिक भएको हो ।

आयोगले सार्वजनिक गरेको अनुसूची अनुसार विजयी उमेद्वार मध्ये १ जना अण्डर एसएलसी, २ जना ब्याच्लर, १ जना एसएलसी, १ जना प्रमाणपत्र तह र १ जना मास्टर्स शैक्षिक योग्यता रहेको छ ।

मकवानपुर प्रतिनीधि सभा क्षेत्र नम्बर १ मा निर्वाचित राप्रपाका दिपक बहादुर सिंहको शैक्षिक योग्यता ब्याच्लर रहेको उक्त अनुसूचीमा उल्लेख छ । वि.सं. २०१८ सालमा जन्मेका दिपक बहादुर सिंहको चुनाव चिन्ह हलो हो । मकवानपुर-२ बाट निर्वाचित महेश कुमार बर्तौलाको शैक्षिक योग्यता मास्टर्स रहेको छ । वि.सं २०३९ सालमा जन्मेका बर्तौला नेकपा एमालेको तर्फबाट प्रतिनीधि सभा क्षेत्र नम्बर २ बाट निर्वाचत भएका हुन् ।

त्यस्तै मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ (१) बाट निर्वाचित नेकपा माओवादी केन्द्रका प्रेम बहादुर पुलामी 'छिन्तु'को शैक्षिक योग्यता 'अण्डर एसएलसी' रहेको आयोगको वेभसाइटमा उल्लेख छ भने मकवानपुर-१ (२) बाट निर्वाचित नेकपा एमालेका एकालाल श्रेष्ठको शैक्षिक योग्यता 'ब्याच्लर' रहेको छ । त्यस्तै मकवानपुर प्रतिनीधि सभा क्षेत्र नम्बर २ (१) बाट निर्वाचित कुमारी मोक्तानको शैक्षिक योग्यता एसएलसी र मकवानपुर-२ (२) बाट निर्वाचित इन्द्रबहादुर बानियाँको 'प्रमाण पत्र तह' अर्थात प्लस टु सरह रहेको आयोगको वेभसाइटमा उल्लेख छ ।

# थाहाको ४ नम्बर वडा आफ्नै भवनमा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ को कार्यालय ३१ असोजबाट आफ्नै भवनमा सरको छ । थाहानगरको चौकी किटेनी रूप्से सडक खण्डको बँदेली डाँडामा रहेको नवनिर्मित कार्यालय भवन उद्घाटन भएसंगै विकास घर शिखरकोटमा रहेका कार्यालय आफ्नै नयाँ भवनमा सरेको हो ।

वडा कार्यालय भवनमो थाहानगर प्रमुख विष्णु बहादुर विष्टले एक समारोहकाबीच रिवन काटेर उद्घाटन गरे । कार्यालय उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथी समेत रहेका विष्टले भने-'नागरिकलाई घरछेवैबाट सेवा दिने कार्यालय वडा हो, तसर्थ हामी सेवा प्रवाहमा कुनै कन्जुस्याइँ गर्दैनौं ।' स्थानीय सरकारको प्रत्याभूति दिने निकाय पनि जनताका लागि पहिलो वडा कार्यालय नै भएकोले नागरिकको सहज सुविधा र सेवा प्रवाहका लागि वडाबाट कानून अनुसारका अधिक्तम सेवा प्रदान गरिने नगर प्रमुख विष्टको प्रतिवद्धता थियो । थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेले ४ नम्बर वडा आफ्नै भवनमा सरसंगै थाहानगरका १२ वटै वडा कार्यालय आफ्नै भवनबाट संचालनमा आएको बताउदै जनताको काममा छिटो छरितो हुनेमा विश्वास व्यक्त गरे । यसका लागि कर्मचारीहरूलाई क्षमता विकास जस्ता कार्यक्रमहरू पनि संचालन गरिने उनको भनाइ थियो ।

थाहा नगरपालिकाको ४ नम्बर वडा अध्यक्ष नारायण लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्ले, ३ नम्बर वडा अध्यक्ष हिरेन्द्र रायमाझी, विभिन्न राजनैतिक दलका प्रतिनिधि, संघसंस्थाका प्रतिनीधिहरू तथा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो । कार्यालय उद्घाटनसंगै वडाको सबै प्रशासनिक कार्य शुभारम्भ भएको वडा सचिव पाल्साङ लामाले जानकारी दिए ।

## गठबन्धनका उमेद्वार पराजित

# प्रतिनिधिसभामा नयाँ अनुहार



दिपक ब. सिंह / प्रेम बहादुर पुलामी / एकालाल श्रेष्ठ / महेश कुमार बर्तौला / कुमारी मोक्तान / इन्द्र ब. बानियाँ

विकास संवाददाता
थाहानगर

दुई वटा प्रतिनिधिसभा क्षेत्र र ४ वटा प्रदेशसभा क्षेत्र रहेको मकवानपुरमा मंसिर ४ मा सम्पन्न निर्वाचनको प्रत्यक्षतर्फको मतगणना सकिएको छ । अबको ५ वर्षका लागि मकवानपुरबाट २ सांसद् प्रतिनिधिसभामा र ४ जना प्रदेशसभामा पुग्दा मकवानपुरमा ३ नयाँ अनुहार र ३ पुरानै अनुहारले निरन्तरता पाएको छ । २ प्रतिनिधिसभा क्षेत्र रहेको मकवानपुरमा दुवै क्षेत्र लोकतान्त्रिक बाम गठबन्धनको हातबाट फुत्किएको छ ।

क्षेत्र नम्बर-१ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार दीपकबहादुर सिंह विजयी भएका छन् भने क्षेत्र नम्बर-२ मा नेकपा एमालेका महेशकुमार बर्तौला विजयी भएका छन् । क्षेत्र नम्बर-१ मा विजयी भएका सिंहको निर्वाचन प्रणालीमा पाँचौं प्रयासमा मिलेको सफलता हो भने क्षेत्र नम्बर-२ मा विजयी बर्तौलाले पहिलो प्रयासमा नै बाजी मारेका हुन् । प्रतिद्वन्द्वी लोकतान्त्रिक बाम गठबन्धनकी साझा उम्मेदवार महालक्ष्मी उपाध्याय डीनालाई २ हजार ३ सय ९३ मतले हराउँदै सिंह विजयी भएका हुन् । सिंह २७ हजार ८ सय १६ मतले विजयी भएका हुन् । उनका प्रतिद्वन्द्वीले २५ हजार ४ सय २३ मत ल्याएर दोस्रो भएकी हुन् । सूर्य चुनाव चिह्नबाट उम्मेदवारी दिएका कमल थापा २५ हजार ४ सय २० मत ल्याएर तेस्रो भएका छन् । उक्त क्षेत्रमा ९१ हजार ४ सय ८६ मत खसेको थियो ।

मकवानपुर प्रतिनिधिसभा क्षेत्र-२ मा विजयी भएका नेकपा एमालेका महेशकुमार बर्तौला पहिलो पटक निर्वाचनमा होमिएका युवा नेता हुन् । उनका निकटतम् प्रतिस्पर्धीका रूपमा रहेका नेकपा (एकीकृत समाजवादी) का पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडालाई भारी मतान्तरले पराजित गर्दै विजयी भएका हुन् । उक्त क्षेत्रमा खसेको ८६ हजार ६ सय ५२ मतमा बर्तौलाले ३४ हजार ९ सय १६ मत प्राप्त गरेका छन् । उनका प्रतिद्वन्द्वी खतिवडाले ३० हजार ३ सय ९६ मत प्राप्त गरेका छन् । बर्तौलाले खतिवडालाई ४ हजार ५ सय २१ मतान्तरको फरकले पछि पार्दै विजयी भएका हुन् ।

मकवानपुरको चारवटा प्रदेशसभा निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँ, नेकपा एमालेबाट एकालाल श्रेष्ठ, नेकपा माओवादी केन्द्रका कुमारी मोक्तान र प्रेम बहादुर पुलामी निर्वाचित भएका छन् । प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (२)मा गठबन्धनबाट उम्मेदवार रहेका कांग्रेस बागमती प्रदेश सभापति समेत रहका बानियाँले एमालेका लालबहादुर थापालाई हराएका हुन् । बानियाँ लगातार तेस्रो पटक विजयी भएका हुन् । उनले थापालाई १ हजार ७ सय ८२ मतान्तरले पराजित गरे । बानियाँले १८ हजार ७ सय १६ मत ल्याएका छन् । थापाले १६ हजार ९ सय ३४ मत मात्रै पाए । प्रदेशसभा २ को (ख)मा कुल ४० हजार ५ सय ९९ मत खसेको थियो ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर १ अन्तर्गत् प्रदेशसभा (२)मा एमालेका एकालाल श्रेष्ठले पहिलो प्रयासमै जीत हासिल गरेक छन् । नेकपा एमाले मकवानपुरका अध्यक्षसमेत रहेका श्रेष्ठले गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार आनन्दराम पराजुलीलाई ८ सय ६९ मतान्तरले पराजित गर्दै विजयी भएका हुन् । विजयी भएका श्रेष्ठले १४ हजार २ सय २५ मत पाए । पराजुलीले १३ हजार ३ सय ५६ मत पाएका छन् । मतगणनाको क्रममा कहिले पहिलो त कहिले दास्रो स्थान लिएका राप्रपाका उम्मेदवार गुञ्जन बहादुर न्यौपाने भने अन्तिम मतपरिणाम आउँदा तेस्रो स्थानमा रहे । न्यौपानेले ११ हजार ९ सय ४ मत प्राप्त गरेका छन् । यसैगरी, श्रेष्ठले पहिलो पटकमै बाजी मारेका छन् । उनी २०७८ पुसमा एमाले मकवानपुरको अध्यक्ष भएका थिए । प्रदेशसभा निर्वाचनमा विजयी भएपछि श्रेष्ठले हेटौंडाका नगरका सबै मतदाताप्रति आधार व्यक्त गरेका छन् ।

यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर २ अन्तर्गत् प्रदेशसभा (१)मा गठबन्धनबाट नेकपा माओवादी केन्द्रकी कुमारी मोक्तान विजयी भएकी छन् । बागमती प्रदेशको सामाजिक विकास मन्त्रीसमेत रहेकी उनले नेकपा एमालेका उम्मेदवार विष्णु ढकाललाई पराजित गरेकी हुन् । बागमती प्रदेशसभामा माओवादी केन्द्रको संसदीय दलको उपनेतासमेत रहेकी मोक्तानले ढकाललाई ३ सय २२ मतान्तरले मात्रै हराएकी हुन् । मतगणनाको सुरूवातदेखि नै मोक्तानलाई पछाडि पारेका ढकालले अन्तिम चरणको मतपरिणाममा हार व्यहोरे । मोक्तानले १९ हजार ८ सय ७३ मत ल्याइन् । एमालेका ढकालले १९ हजार ५ सय ५१ मत पाएका थिए । प्रदेशसभा (१)मा जम्मा ४६ हजार ५३ मत खसेको थियो । मोक्तान २०७४ को निर्वाचनमा प्रदेशसभा (१)बाट निर्वाचित भएकी थिइन् । त्यतिबेला उनलाई एमालेको साथ थियो । हाल मोक्तानले गठबन्धनको नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को समर्थन पाएकी थिइन् ।

त्यस्तै मकवानपुरको १ को (१) बाट लोकतान्त्रिक बाम गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का उम्मेदवार प्रेमबहादुर पुलामी निर्वाचित भए । सोही क्षेत्रबाट दोस्रो पटक प्रदेश सभा सदस्यमा निर्वाचित पुलामीले १९ हजार ७१९ मत प्राप्त गर्दै विजयी भए । उनका प्रतिस्पर्धी नेकपा एमालेका कमलबहादुर विष्टले १५ हजार ४३३ मत प्राप्त गरे ।



# • सम्पादकीय •

## बदर मत घटाउन ध्यान देऊ

वि.सं. २०७९ को दोस्रो स्थानीय तहको निर्वाचनमा अत्यधिक मत बदर भएको विषय राष्ट्रिय-अन्तर्राष्ट्रिय चासोमा परेको थियो । त्यसबेला निर्वाचन आयोगको व्यापक आलोचना पनि भयो । बाकसमा परिसकेको एउटा मत बदर हुनु भनेको सामान्य कुरा होइन । त्यसलाई घटाउन आयोगले पहल नगरेको भन्ने उसमाथि आरोप लागेको थियो । त्यसको छ महिनापछि हालै सम्पन्न निर्वाचनमा पनि बदर मत बढी नै देखियो । यो पटक आयोगले बदर मत एक प्रतिशतभन्दा तल राख्ने भनेको थियो । तर त्यस्तो नभएर उल्टो भयो ।

गएको ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा २ दशमलव ४ प्रतिशत मात्रै मत बदर भएकामा यो आमचुनावमा बदर प्रतिशत दोब्बर बढ्न गयो । यसको अर्थ हो काहीँ न काहीँ हामी चुकेका छौँ । उपयुक्त प्रविधिको प्रयोग नहुनु पनि यसको एउटा कारण हुन सक्तछ । गएको ४ मसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा यतिबेलासम्म प्राप्त विवरण अर्थात् गणना भएका मतमा औसत पाँच प्रतिशत मत बदर भएको देखियो । यो भनेको बाकसमा परेको मध्ये करिब १० लाख मत खेर गएको अवस्था हो । आयोगको सूचना प्रणालीमा रहेको विवरणमा गणना भएका मध्येबाट प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५ दशमलव शून्य ५ प्रतिशत मत बदर भएको देखिएको छ । यसले आयोग आफैँले भनेका 'बदर मतलाई एक प्रतिशतमा झार्ने लक्ष्य' भन्दा उल्टो काम भएको बुझाउँछ । अघिल्लो पटक अर्थात् २०७४ मा दुई चरणमा भएको मतदानमा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५ दशमलव १७ प्रतिशत मत बदर भएको थियो । यो पटक गत ३० वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा भने २ दशमलव ४ प्रतिशत मात्रै मत बदर भएकोमा यतिबेला झनै सजिलो पारिएको भनिएको ठाउँमा बदर प्रतिशत दोब्बरले बढ्नु आफैँमा चिन्ताको कुरा हो । मतदानको अघिल्लो दिन प्रमुख निर्वाचन आयुक्तले खसेको ९९ प्रतिशत मत सदर हुने गरी काम गरिएको भनी बताएका थिए । त्यसको आधार भनी वडासम्मै स्वयंसेविका परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको, मतपत्र ठूलो र स्पष्ट भएको र मतदाता जागरुक भएकाले ९९ प्रतिशत सदर हुने कुरा गरिएको हो । तर यो कुरा भएन । आयोग आफैँले अपेक्षा गरेभन्दा चार प्रतिशत बढी मत बदर भएको देखियो ।

यो पटकको निर्वाचनमा एउटा मतदाता बुथमा पुग्न मात्रै पाँच दिन लागेका विवरण समाचारमा आएका थिए । त्यसको पनि उचित व्यवस्थापन गर्न सकिएन । यद्यपि चुनाव शान्तिपूर्ण नै भयो । सुदूरपश्चिमको एउटा जिल्लामा एक जनाको ज्यान गएको दुःखद घटना भयो । विगतका निर्वाचनभन्दा यो पटक अपवादबाहेक अरु नराम्रा घटना भएनन् । केही ठाउँमा मतगणना रोकियो । तर यो भनेको प्राविधिक कारण थियो । यतिठूलो कार्यमा यस्ता फाटफुट घटना हुन्छन् नै । यसरी सम्पन्न भएको चुनावमा आयोगका प्रवक्ताका अनुसार पनि बदर मतको अनुपात औसतमा पाँच प्रतिशत देखिएको भन्ने रह्यो ।

निर्वाचनमा यसरी बदर नहोस् भनेर नै आयोगले यो निर्वाचनमा मतदाता शिक्षामा मात्र ५0 करोड रूपैयाँ खर्च गरेको बताइएको छ । अब त यस्तो खर्चको पनि औचित्य खोजिनु पर्ने भयो । यी खर्चहरू सबै जोडेर आधुनिक प्रविधितर्फ लागिएको थियो भने मत बदरको यस्तो अवस्था आउने थिएन । सम्बद्ध निकायको ध्यान यसतर्फ जाओस् नत्र चुनावैपिच्छे बदर मत बढ्दै जानेछ । यसको प्रत्येक्ष मार सिंगो राष्ट्रलाई नै पर्नेछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बालिका शिक्षाको सुनिश्चितता कहिले र कहाँबाट ?



सबिना चेपाङ

'सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरूद्धको अभियान' नारासहित सञ्चालन हुने लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान धादिंङ लगायत मंसिर ९ देखि सुरू हुने भएको छ । लैङ्गिक हिंसा विरूद्धको अन्तरराष्ट्रिय दिवसको अवसरमा मंसिर २४ सम्म यो अभियान सञ्चालन हुदैछ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ मा जारी भएको छ त पूर्ण कार्यन्वायन अवस्था छैन । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ पुर्ण कार्यन्वायन नहुदा धेरै बालिकाहरूले पढाईनै छाड्न बिबस भएका छन् । शिक्षा भनेको मानिसका लागि नभई नहुने र सफलताको एउटा महत्त्वपूर्ण आधार हो । शिक्षा मानिसलाई बाटो देखाउने एउटा मार्ग हो । कुनै विषयमा ज्ञान लिनु वा दिनुलाई पनि शिक्षा भनिन्छ । शिक्षा ग्रहण गर्नको लागि कुनै उमेर, जात, लिङ्ग, धर्म संस्कारले छेक्न सक्दैन । मानिसले कोक्रोदेखि चिहानसम्म शिक्षा हासिल गरिरहेको हुन्छ ।

समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाको महत्व छ । एउटा असल व्यक्ति बनाउनको लागि पनि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । एउटा असल व्यक्ति, असल परिवार, असल समाज, असल समुदाय र असल राष्ट्र बनाउनलाई शिक्षा आबश्यक हुन्छ । कुनै बालिकाको पढाइ छुटेको छ वा विद्यालय गएका छैनन् भने उनीहरूको पहिचान गरी नजानुको कारण पत्ता लगाउने र पुनः विद्यालय पठाउने गर्नुपर्छ । हरेक बालिका विद्यालय जानुपर्छ किनभने यो बालबालिकाहरूको अधिकार हो ।

विद्यालय त्यो स्थल हो जहाँ शिक्षा प्रदान गरिन्छ । यसमा धेरै तहका विद्यालयहरू पर्दछन्। पहिलो त्यो विद्यालय जसमा ३-५वर्ष उमेर समूहका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, सास्कृतिक र नैतिक आदि पक्ष आउने सम्पूर्ण परिमाणात्मक र गुणात्मक परिबर्तनको सिंगो प्रक्रियाको थलो हो ।

दोस्रो जहाँ कक्षा एक देखि पाँचसम्म पढाइन्छ जसलाई प्राथमिक विद्यालय भनेर जानिन्छ। तेस्रो कक्षा एकदेखि आठौँ श्रेणीसम पढाइन्छ र यसलाई निम्न माध्यमिक विद्यालय भनिन्छ। चौथो- कक्षा दशौँ सम्म पढाइन्छ जसलाई माध्यमिक विद्यालय भनिन्छ । पाचौँ- कक्षा बह्रौंसम्म पढाइन्छ यसलाई उच्च माध्यमिक विद्यालय भनिन्छ, धादिंङ जिल्लाका दुर्गम दुर्गम भौगोलिक क्षेत्रमा बसोबास गर्ने गरिब तथा बिपन्न बर्गका बालबालिकालाई यहि तह सम्मको शिक्षा पुरा गर्न गर्न धौधौ छ । माध्यमिक तह समको शिक्षा पुरा गर्न धौधौ पर्नुका कारणहरूमा गाउँको नजिकमा माध्यमिक नहुनु, बालबालिकाहरूले शैक्षिक सामग्री जोहो गर्न नसक्दा अधिकाशं चेपांङ आर्थिक अवस्था कमजोर भएकाले, छोरा र छोरीलाई दिइने शिक्षामा विभेद, बालिकाले भोग्नुपरेका यौनजन्य हिंसा, सामाजिक संरचना, अविभावक शिक्षा कमि आदि र केका छन् ।

धादिंङ जिल्लाका दुर्गम ठाउँमा माध्यमिक तहको विद्यालयमा सहज पहुच नहुँदा आदिबासी,बिशेस गरि चेपांङ समुदायका बालबालिकाहरूले आधारभूत शिक्षा पछि नै अधिकाशंले पढाई छाड्ने गरेका छन् । पहाडी क्षेत्र र दुर्गम बस्तीका बालबालिकाहरूलाई कक्षा ५ सम्मको पढाई जसोतसो सके पछि आठ सम्मको पढाई पुरा गर्न पनि हम्मे हम्मे पर्ने गरेको छ । कक्षा आठ उतिर्ण गरे पछि गाउँको नजिकमा माध्यमिक तहको बिद्यालय नहुँदा अधिकाशंले पढाईनै छाड्ने बिबस रहेका छन् । दैनिक २ पटक २ देखि ३ घण्टा सम्म हिडेर पढ्नु पर्ने अवस्था रहेको छ ।

अधिकाशं चेपांङ आर्थिक अवस्था कमजोर भएकाले बिद्यालय नजिक कोठामा बसेर पढ्न सक्ने स्थिति पनि छैन गाउँबाट शहरमा बसेर पढाउन पनि परिवारले आर्थिक जोहो गर्न नसक्दा अधिकाशंले बिचमै पढाइ छाड्नुपर्ने परिस्थिति रहेको छ । यो संगै बालिकाहरूको पढाई लाई असर गर्ने पक्ष भनेको उनीहरूले विद्यालयबाट फर्केपछि बाख्रा,गाईगोरूलाई स्याहार गर्ने, घरसफा गर्ने, भाडाकुँडा माझ्ने र कपडा धुने लगायतका घरयासी काममा समय बिताउनु पर्ने बाध्यता रहेको छ । बालिकाहरूले घरको काम सकेर राति आफ्नो गृहकार्य अवस्था बिध्यामन रहेको छ ।

छोरीले काम सिक्नुपर्छ नत्र पछि दुःख पाइन्छ भन्छन्, घरको कामले गर्दा घरमा पढाईमा त्यति ध्यान दिन सकिरहेका छैनन्, गाउ, समाजमा अहिले पनि छोरी विवाहपछि अर्काको घर जाने भएकाले उनीको कमाइ अरूले खान्छ भन्ने गलत बुझाइले शिक्षामा विभेद गरिन्छ । कानूनले शिक्षामा समान हकको व्यवस्था गरे पनि अभिभावकले नबुझीदिँदा छोरा र छोरीलाई दिइने शिक्षामा विभेद रहेको छ । तुलनात्मकरूपमा छोरा भन्दा छोरी बढी घरायसी काममा व्यस्त हुनुपर्ने प्रचलन गाउघरमा अझै पनि गैसकेको छैन 'छोरी पराइ घर जाने हो भन्दै छोरीले सबै कुरा माईतीमै सिक्नुपर्छ, अन्यथा दुःख पाइन्छ भन्ने सोचाइ हाम्रो समाजमा अझैँ छ' । यसले छोरीको पढाइमा असर गरेको छ । समुदाय तहमा छात्रको तुलनामा छात्राले विद्यालय छोड्नेदर बढी रहेको छ ।

बालिकाहरूलाई उच्च शिक्षा हासिल गर्ने इच्छा हुँदा पनि उनीहरू सहज रूपमा शिक्षा लिन नपाएको अवस्था र हेको छ । अनिवार्य तथा निःशुल्क शिक्षाको कुरा भइरहेको रहेको सन्दर्भमा धादिंङ जिल्लाका दुर्गम ठाउँमा बसेर पढने बालबालिकाहरूले शैक्षिक सामग्री जोहो गर्न नसक्दा पढाई छाड्न बिबस हुनुपरेको घटना गाउघरमा प्रसश्त रहेको छ भन्नलाई अनिवार्य तथा निःशुल्क शिक्षा भनिएको छ तर धेरै बालिकाहरूले घरका अभिभावकहरूले उपलब्ध गरौँ नसक्दा बाध्यताले पढाई छाड्न बाध्य हुनु पर्ने अवस्था अन्त्यको लागि तिनै तहको सरकारले समन्वयात्मक कार्य गर्न जरूरी भइसकेको छ । यदि यसरी कार्य गरिएन भने अनिवार्य तथा निःशुल्क शिक्षा नारामा मात्रै सिमित र हनेछ र दुर्गम ठाउँमा बसोबास गर्ने बालबालिकाहरूले शिक्षाको अबसरबाट बन्चित नै रहनु पर्ने दिनको अन्त्य हुनेछैन । नेपालको सामाजिक संरचना एकै प्रकारको छैन । विभिन्न जात, भाषा र लिङ्ग आधारमा समाजमा क्रियाकलापहरू हुने गर्दछन् । हाम्रो समाजका अहिले पनि केही यस्तो संस्कारहरू छन्, जहाँ छोरीलाई शिक्षाबाट वञ्चित गरिन्छ । अहिले पनि छोरा र छोरीमा विभेद भने कायम नै छ । परिवारबाटै शिक्षामा छोरीलाई विभेद हुन्छ । विद्यालयमा पुग्दा पनि छोरीहरू अर्थात् बालिकाहरू विभिन्न हिंसा भोग्न बाध्य छन् । जसरको परिणाम बालिकाहरू शिक्षा आर्जन गर्नबाट वञ्चित हुने गरेका छन् ।

महिनावारीको समयमा विद्यालयमा बालिकाहरू अवस्था गम्भीर हुने गरेको छ । छात्रा शुलभ शौचालय नहुँदा उनीहरू समस्या भोग्न बाध्य छन् । बालिकाहरूले विद्यालयमा अनेकौं समस्या र पीडाहरू भोग्दै आएको भए पनि गुनासो सुनाउन पाउँदैनन् । बालिकाले भोग्नुपरेका यौनजन्य हिंसा रोक्न र जिल्लाको शैक्षिक नतिजा उकास्नका लागि सबैको साझा प्रयास जरूरी छ । बालिकाहरूलाई विद्यालय जान उत्प्रेरित गर्ने, विद्यालयमा उनीहरूलाई टिकाउनका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने, विद्यालयलाई बालिकामैत्री बनाउन पहल गर्ने, अविभावक शिक्षा संचालन गर्ने, छात्रा शुलभ शौचालयको व्यवस्था गर्ने र बालिकामैत्री भाषा र व्यवहारलाई बढवा दिनका लागि सबैले सहयोग गर्न आवश्यक छ ।

यसरी सबै पक्ष मिलेर शैक्षिक अभियान गर्ने हो भने भविष्यमा आमा बन्दा बालिकाहरू माथि सकारात्मक प्रभाव पर्छ र मातृ मृत्युदर घट्ने ,ज्यान गुमाउने शिशु तथा बालबालिकाको संख्या घट्ने र माध्यमिक शिक्षाले बालिकाका लागि घर बाहिर समेत आयआर्जन गर्ने अवसर /सम्भावना बढ्नुको साथै समातामुलक् समाज निर्माण गर्न समेत सहयोग सिद्ध हुनेछ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७ मा मात्र जारी भयो । ऐन र नियमावली बन्नु नै सबैथोक होइन । ऐन र नियमावली सहित दुर्गम बस्तीमा बसोबास गर्ने विपन्न परिवारको आय-आर्जनको व्यवस्था नगरि कन तिनका छोराछोरीलाई विद्यालयमा ल्याउन र अनिवार्य तथा निःशुल्क आधार भूत शिक्षा सुनिश्चित गर्न विपन्न परिवार को आर्थिक-सामाजिक उत्थानका ठोस कार्यसँगै अन्य उपयुक्त उपायहरूको अवलम्बन आवश्यक छ ।

अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता गर्नका लागि विपन्न तथा

*बाँकी पृष्ठ ३ मा*

# याद गर्नुहोस्, विन्टर डिप्रेसन हुनसक्छ !

के तपाईं आज-भोलि उदास हुनुहुन्छ ? मौसम परिवर्तन भएसँगै तपाईंको व्यवहारमा अचानक परिवर्तन आएको छ ? अन्य दिनभन्दा धेरै सुस्त, निराश र एकान्तमा बस्न मन लाग्छ ?

जाडो मौसम र डिप्रेसनबीच के सम्बन्ध होला र ? सायद तपाईं यस्तै सोच्नुहुन्छ । चिसो मौसम सुरू भएसँगै व्यवहारमा परिवर्तन आएको छ भने सम्भवतः तपाईं 'विन्टर डिप्रेसन'को सिकार हुनुभएको हुनसक्छ । मकवानपुर घर भएकी ५६ वर्षीया गीता बस्नेत (नाम परिवर्तन) लाई हरेक वर्ष मंसिर सुरू भएसँगै उदासीनताको लक्षण देखिन्थ्यो । फागुनपछि डिप्रेसनको समस्या विस्तारै कम हुन्थ्यो । उनी हरेक पटक आउँदा चिकित्सकले डिप्रेसनको औषधि दिने गरेका थिए । दुई-तीन वर्षसम्म बस्नेत अस्पताल धाउने क्रम जारी रह्यो ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक डा. पवन शर्माले बस्नेतको हिस्ट्री लिंदा 'विन्टर डिप्रेसन' भएको पहिचान गरे । जीवनशैली तथा व्यावहारिक जीवनमा गर्नुपर्ने क्रियाकलापबारे मनोपरामर्श दिए । 'करिब दुई वर्ष अगाडि हामीले औषधि चलाएका थियौं । अहिले उहाँ फलोअपमा हुनुहुन्छ र मानसिक स्वास्थ्य पनि ठीक छ', डा. शर्माले सुनाए ।

अहिलेको मौसममा 'विन्टर डिप्रेसन'को समस्या लिएर मनोपरामर्श तथा उपचारका लागि पुग्नेको संख्या बढ्ने गरेको मनोचिकित्सक बताउँछन् । तर, मौसमी डिप्रेसन केही समयपछि भने विस्तारै कम हुँदै जान्छ । 'विन्टर डिप्रेसन धेरै जनालाई हुन्छ । तर, अधिकांशले पहिचान गर्न सकेका हुँदैनन् र अस्पतालसम्म यस्ता केस थोरै आउँछन्,' मनोविद् गृष्मा पनेरू भन्छिन्, 'जाडोमा हुने डिप्रेसन गर्मी लाग्न थालेपछि हराएर जान्छ ।'

'विन्टर डिप्रेसन'को समस्याबाट व्यक्ति हरेक वर्ष एकै समयमा पीडित हुन्छन् । उनीहरूलाई चिन्ता, डिप्रेसन र थकानको लक्षण देखिन्छ । यस समयमा काममा रूचि नहुनु र निराशाको भावना व्यक्तिको दिमागमा आउँछ । 'विन्टर डिप्रेसन' यही कारण पूर्ण रूपमा हुन्छ भन्ने यकिन तथ्य छैन । शरीरमा मेलाटोनिन र सेरोटोनिन नामक दुई हर्मोनको अनुपातमा उत्पन्न हुने असन्तुलनका कारण जाडोमा गम्भीर रूपमा डिप्रेसन हुने गर्छ ।

'विन्टर डिप्रेसन' प्रायः छोटो शरद ऋतु र जाडो दिनमा घामसँग जोडिने गरिएको छ । चिकित्सकका अनुसार घामको कमीले मस्तिष्कको एक भागलाई हाइपोथालेमस भनिने कामलाई रोक्ने गर्छ । यसमा मेलाटोनिन हर्मोनले ठूलो भूमिका खेल्छ । हाम्रो मस्तिष्कमा दुई कानको बीचमा रहेको 'पाइनल ग्रन्थी' बाट मेलाटोनिन नामक तरल पदार्थको सानो मात्रा बाहिर निस्कन्छ र पछि रगतमा मिसिन्छ । पिनियल ग्रन्थी हाम्रो आँखासँग प्रत्यक्ष सम्बन्धित हुन्छ ।



डा. शर्मा भन्छन्, 'पिनियल ग्रन्थीमा उज्यालो र अन्धकारको प्रत्यक्ष प्रभाव हुन्छ । साँझ बढ्दै जाँदा मेलाटोनिनको स्राव सुरु हुन्छ । यसलाई रातको वा अँध्यारोको हर्मोन पनि भनिन्छ । जसले गर्दा चिसो मौसममा निद्रा बढी लाग्ने, खाना बढी रूच्ने र शारीरिक र मानसिक रूपमा कमजोर भएको लक्षण देखापर्छन् ।'

### वंशाणु कारण पनि हुनसक्छ

हिउँदको समयमा घामको प्रकाश पनि कम हुन्छ, जसले गर्दा सेरोटोनिन रसायनको उत्पादनमा कमी आउने मनोविद्को भनाइ छ । 'सेरोटोनिनको उत्पादनमा कमी हुँदा डिप्रेसनको जोखिम बढी हुन्छ । चिसो मौसममा बादल लाग्दा, कुहिरो लाग्दा, शरीरमा घाम कम पर्छ । यस्तो अवस्थामा शरीरमा सेरोटोनिन रसायनको कमी हुन्छ । दिनमा थोरै घाम लाग्दा यस्तो समस्या झनै बढ्छ', पनेरू भन्छिन् ।

जसले गर्दा राम्रोसित राति निद्रा नलाग्नु या अत्यधिक निद्रा लाग्नु, मनमा नकारात्मक विचार बारम्बार आइरहनु, शरीरको तौल तीव्र गतिले बढ्नु, थकान, जोर्नी दुख्ने, पेट दुख्ने वा गडबडी जस्ता शारीरिक लक्षण र व्यवहार सम्बन्धी समस्या देखा पर्छन् । 'मानिसको विचार, भावना र क्रियाकलापमा चिसो मौसमका कारण बारम्बार उतारचढाव आउँछ । जसले शरीरको प्रणालीलाई सीधै असर गर्छ र चिसो दिनमा यस्ता अधिकांश बिरामी डिप्रेसनका सिकार हुन्छन्', वीरेन्द्र सैनिक अस्पताल छाउनीमा कार्यरत मनोचिकित्सक पुरूषोत्तम अधिकारी थप्छन् ।

नर्वे, रूसको नर्थपोल, डेनमार्क, फिनल्यान्ड, ग्रीनल्यान्ड, स्वीडेन जस्ता ठाउँमा बढी चिसो हुने भएकाले त्यस्ता ठाउँमा विन्टर डिप्रेसनको प्रभाव पनि बढी देखिने गरेको मनोविद्को भनाइ छ । 'यस्ता बिरामी चिड्चिडापन र एक्लोपनको गुनासो बढी गर्छन् । आजभोलि धेरैजसो अवस्थामा बिहान घाम नलाग्दा बिरामीको अवस्था बिग्रने गरेको देखिन्छ' पनेरू भन्छिन्, 'यस्तो समस्या हामीले समयमै व्यवस्थापन गर्न सकिएन भने बर्सेनि समस्या र गम्भीर अवस्था निम्तिन सक्छ ।'

यसबाहेक, मनोवैज्ञानिकको विचारमा वंशाणु पनि यो रोगको मुख्य कारण हो । यदि आमाबाबुमध्ये एक पहिला नै 'विन्टर डिप्रेसन'को सिकार छ भने, बालबालिकामा यस्ता समस्या हुने सम्भावना बढी हुनसक्छ ।

### विन्टर डिप्रेसनले आत्महत्यासम्म

मौसम चिसो भइरहने ठाउँमा भने यस्तो समस्या लामो समय हुनसक्ने मनोविद् डा. अधिकारी बताउँछन् । तर, नेपालमा केही समय मौसम धुम्म भए पनि खुल्ने भएकाले विन्टर डिप्रेसनको समस्या त्यति धेरै नरहेको उनको भनाइ छ । चिकित्सकको भनाइ अनुसार 'विन्टर डिप्रेसन'को बिरामीलाई डिप्रेसन भएकै बिरामी जसरी उपचार भएकाले पनि पहिचान गर्न गाह्रो भएको हो ।

चिकित्सकका अनुसार कमजोर मन भएका व्यक्तिहरूले बढी सावधानी अपनाउनुपर्छ किनभने यो मौसम घातक मात्र होइन यसले आत्महत्या पनि निम्त्याउन सक्छ । चिसो मौसममा डिप्रेसनका बिरामीको संख्या पनि सामान्य दिनको तुलनामा दोब्बर हुन्छ ।

यस्तो अवस्थामा बिरामीमा आत्महत्याको विचार आउँछ र उसले प्रयास पनि गर्छ । इलाममा धुम्म कुहिरो तथा बादल लाग्ने, चिसो हुने जस्ता कारणले निराश तथा उदास महसुस हुने समस्या र हेको पनेरू बताउँछिन् । 'इलाममा धेरै जनालाई मानसिक समस्या छ । जसका कारण आत्महत्याको दर पनि बढी छ । किनभने त्यहाँ चिसो मौसममा धुम्म कुहिरो तथा बादल लाग्ने हुन्छ' पनेरू भन्छिन्, 'केही वर्ष अगाडि नेपाल अनुसन्धान परिषद्ले गरेको एक प्रतिवेदनमा आत्महत्या बढ्नुको एक कारण मौसमी प्रभाव पनि थियो ।' सन् २०१९ को पुसदेखि २०२० को पुससम्म नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले नेपालका सातै प्रदेशका किशोर-किशोरीमा लक्षित रहेर सर्वेक्षण गरेको थियो । त्यसमा सबैभन्दा बढी प्रदेश-१ मा ११ प्रतिशत किशोर-किशोरीमा मानसिक समस्या देखिएको थियो ।

चिसो मौसमको सुरु भएपछि डिप्रेसनको लक्षण दुई हप्ताभन्दा बढी देखिनुलाई विन्टर डिप्रेसनको रूपमा लिन सकिने डा. अधिकारीको भनाइ छ । सामान्य व्यक्तिमा डिप्रेसनका यस्ता लक्षण देखिए पनि निरन्तर रूपमा भने यस्ता लक्षण नदेखिने मनोविद् बताउँछन् । त्यसो त चिसो ठाउँमा बस्ने मानिसहरूलाई मात्र यो रोग लाग्छ भन्ने होइन । तातो ठाउँबाट बढी जाडो हुने ठाउँमा आएका मानिसलाई यस किसिमको समस्या हुने सम्भावना बढी हुन्छ । यसैगरी, महिलाहरूमा यो रोग लाग्ने सम्भावना पुरूषको तुलनामा बढी हुने डा. अधिकारी बताउँछन् । १५ देखि ५५ वर्ष उमेर समूहका व्यक्तिहरू यस रोगबाट बढी पीडित भएको पाइन्छ ।

### मौसमी डिप्रेसनबाट टाढा रहने उपाय

सामान्य किसिमका विन्टर डिप्रेसन मनोपरामर्शले ठीक हुने मनोचिकित्सक बताउँछन् । तर, बिरामीले लक्षणहरू व्यवस्थापन गर्न चाँडै कदम चाल्दा थप जटिलता हुने जोखिमलाई रोक्न सकिन्छ । विन्टर डिप्रेसनलाई रोकथाम गर्नका लागि आफ्नो दिनचर्या निर्धारित गर्ने; प्रत्येक दिन योग अभ्यास, ध्यान र व्यायाम गर्ने; खाना थोरै तर दिनको तीन/चार पटक खाने ।

हरियो सागपात, फलफूलको जुस, माछा बढी मात्रामा खाने, बिहान अबेरसम्म नसुत्ने, दिउँसोको खाना सम्भव भए घाममा बसेर खाने, बिदाको दिनलाई आनन्दमय बनाउने र कुनै पार्कमा गएर मजाले घाम ताप्ने, यदि घरमै बसेर काम गर्नुपरेमा आफ्नो टेबुललाई घाम लाग्ने ठाउँमा राख्ने गर्नुपर्छ । 'चिसो मौसममा शारीरिक र मानसिक स्वास्थ्यको लागि घाम असाध्यै महत्वपूर्ण हुन्छ । दैनिक घाममा १५ मिनेट बस्ने र खानपानमा ध्यान दिंदा विन्टर डिप्रेसनबाट जोगिन सकिन्छ', डा. पनेरू भन्छिन् ।

विन्टर डिप्रेसनको समस्या हुन नदिन र भइहाले पनि छुटकारा पाउनका लागि जीवनशैलीमा पनि परिवर्तन गर्नुपर्ने हुन्छ । आराम, शारीरिक व्यायाम, खानपान, साथीभाइसँग भेटघाट गर्नाले यस्तो समस्याबाट छुटकारा पाउन सकिने मनोविद्को सुझाव छ । मौसमी डिप्रेसनको समस्या विशेषगरी जाडोयाम र मधुरो घामसँग सम्बन्धित हुन्छ । तसर्थ घामको उज्यालो नभए तापनि यस्तो समयमा घाममा बस्नुपर्छ । मौसमी डिप्रेसनको कारण व्यक्तिलाई विशेषगरी गुलियो तथा कार्बोहाइड्रेटयुक्त खाना खान मन लाग्ने हुन्छ । त्यस्ता खाना स्वास्थ्यको दृष्टिकोणले उचित नभएको र त्यसले कालान्तरमा गएर नकारात्मक असर पार्ने भएकोले व्यक्तिले यस समयमा फलफूल, हरियो तरकारी, गेडागुडी तथा गहुँ जस्ता पौष्टिकयुक्त खानाहरूको प्रयोग गर्नुपर्दछ ।

## बालिका शिक्षाका. . .

न्यून आय भएका घरपरिवारको आर्थिक एवं सामाजिक पाटोलाई सम्बोधन गर्ने उपाय खोज्नै पर्छ । अनिवार्य तथा निःशुल्क शिक्षाको लागि सरकारी तवरबाट नै नीति-नियम लागू गरी सहज रूपमा समाजलाई विकासको बाटोमा लान सकिन्छ तर समाजमा शैक्षिक, लैङ्गिक,सामाजिक सचेतना जगाउन, संवेदनशील हुन र विभेद हटाउन जगरूप गर्नु पर्दछ । त्यसका लागि स्थानीय तथा संघीय सरकार र समाजका जाने-बुझ्नेका मानिसहरूको सहकार्य जरूरी छ । घर-परिवार, समुदाय, शिक्षक, स्वयम् विद्यार्थी तथा समाजमा नै अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितता गर्नका लागि सकारात्मक सोँच जगाउनु आवश्यक छ ।

*(लेखक बेनिघाट रोराङ ८ धादिङ निवासी हुन् )*






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# हेटौंडा उपमहानगरपालिकाको वार्षिक समीक्षा



◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को कामको समीक्षा गरेको छ । नगर प्रमुख मिना लामा, उपमेयर राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र विषयगत महाशाखा प्रमुखहरूको उपस्थितिमा १८ कात्तिकमा उपमहानगरले वार्षिक कामको समीक्षा गरेको हो ।

कार्यक्रममा मेयर लामाले जनतालाई दुःख नहुने गरी सेवा प्रदान गर्नु स्थानीय सरकारको पहिलो दायित्व भएको बताउँदै वडा अध्यक्ष तथा उपमहानगरका कर्मचारीहरूलाई नगरवासीको हरेक समस्या समाधान तथा क्षमता अभिवृद्धि गर्न विशेष ध्यान दिनुपर्ने बताइन्। उपमहानगरले प्रदान गर्ने सेवा गुणस्तरीय हुनुपर्ने उनले बताइन् । पदभार सम्हालेपश्चात हेटौंडावासीको हितका लागि योजना बनाएर काम सुरू गरिएको बताउँदै उनले बाँकी कार्यकालमा कसैले पनि औंला उठाउन नसक्ने गरी काम गर्न निर्देशन दिइन् ।

उनले हेटौंडालाई नमूना उपमहानगरको रूपमा स्थापित गराउन सबैको सहयोग आवश्यक रहेको बताइन् । समीक्षा गोष्ठीमा सामान्य प्रशासन महाशाखा प्रमुख शान्ति विश्वकर्माले आन्तरिक प्रशासन, कानून तथा सुशासन व्यवस्थापन, सम्पति व्यवस्थापन, राजश्व प्रशासनबारे, आर्थिक विकास तथा शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले शिक्षा क्षेत्रको वित्तीय प्रगति र पशुपन्छी विकास, कृषि विकास, उद्योग, सहकारी तथा पर्यटन विकास र प्रधानमन्त्री रोजगार कार्यक्रममा भएका प्रगतिबारे, लेखा अधिकृत जेकप श्रेष्ठले आर्थिक प्रशासन महाशाखाबाट भएका काम कारवाही, महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताबारे लक्षित कार्यक्रमको विषयमा जानकारी गराएका थिए ।

त्यस्तै पूर्वाधार विकास महाशाखा प्रमुख सत्यनारायण साहले सहरी पूर्वाधार विकास, योजना कार्यान्वयन तथा सार्वजनिक निर्माण शाखा, भवन इजाजत तथा मापदण्ड कार्यान्वयन शाखा र भूमि इकाईबाट भएका काम कारबाही बारे, सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिनाले समाज कल्याण, आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन, विपद् प्रतिकार्य, फोहोरमैला व्यवस्थापन र वातावरण, सामाजिक सुरक्षा तथा पञ्जिकरण र न्यायिक समितितर्फको कामको जानकारी गराए।

# तीन महिनापछि हेटौंडा सिमेन्टको उत्पादन शुरू

◆ विकास संवाददाता

कोइलाको आपूर्ति नहुँदा तीन महिनादेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले पुनः उत्पादन सुरू गरेको छ । कोइलाको अभावमा बन्द रहेको सरकारी स्वामित्वको उद्योगले उत्पादन सुरू गरेको हो ।

उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेका अनुसार बोलपत्र आह्वान गरी उद्योगका लागि आवश्यक कोइला भारत, भुटान, इन्डोनेसियालगायतका देशबाट आपूर्ति गरी उत्पादन सुरू गरिएको हो । उद्योगमा दैनिक ११० टन कोइला खपत हुने गरेको छ । 'हाल उद्योगमा १४ हजार म्याट्रिक टन कोइला आपूर्ति भइरहेको छ । आर्थिक अभावका कारण सिमेन्ट उद्योगमा केही महिनादेखि समयभित्रै कोइला आपूर्ति गर्न कठिनाइ भइरहेको थियो,' उनले हाल वैकल्पिक उपाय अवलम्बन गरी कोइला आपूर्ति गरी उत्पादन सुरू गरिएको जानकारी दिए । उत्पादन बन्द भएकै कारण उद्योगले करोडौं क्षति व्यहोर्नुपरेको छ । 'उपकरणहरूको मर्मत गर्नुपर्ने भन्दै साउन दोस्रो साताबाट उद्योग दुई साताका लागि बन्द गरिएको थियो । तर, कोइला आपूर्तिसमेत नभएपछि सिमेन्ट उत्पादन कार्य बन्द गर्नुपर्ने अवस्था सिर्जना भयो,' उनले भने ।

उद्योगबाट दैनिक १० देखि १४ हजार बोरा गुणस्तरीय सिमेन्ट उत्पादन हुँदै आएको छ । उद्योगमा पर्याप्त चुनढुंगाको भण्डारण रहेको छ ।

# ४ लाख नहुँदा बन्द भएको थियो 'रोपवे'

◆ विकास संवाददाता

वर्तमान पुस्ताले हेटौंडा-काठमाडौं छोटो दुरीको मार्गमाथि देख्ने तारमा झुण्डिएका फलामका डम्बा (क्यारियर) रोपवे इतिहास बनेर बसिरहेको छ । एउटा इतिहास बनेको रोपवेको तारमा अहिले कतिपयले कपडा सुकाउने गरेका छन् भने कतिपय सामग्रीहरू कवाडीको रूपमा बिक्री भइसकेका छन् । बेलाबखतमा रोपवेका तारदेखि फलामका उपकरणहरू चोरी भएको खबरसमेत आएका छन् । पर्याप्त यातायातको सुविधा नभएको समय १९६३ सालमा राणा प्रधानमन्त्री चन्द्र शमशेरको पहलमा अमेरिकी सहयोगबाट निर्माण भएको रोपवे सामग्री ढुवानीका लागि 'नेपाल रोपवे'का नामबाट स्थापना भएको थियो । तर, हाल उक्त रोपवे एक इतिहास बनेको छ । यही रोपवेलाई पुनः सञ्चालनमा ल्याउने नेकपा एमालेको घोषणाले फेरि चर्चामा ल्याएको छ ।

एमालेले यसवर्ष काठमाडौंमा घोषणापत्र जारी गर्दै रोपवेलाई पुनः सञ्चालन गरी काठमाडौं केन्द्रित मालसामान ढुवानी गरिने महत्वकांक्षी योजना अघि सारेको हो । तर, एमालेले घोषणा गरे जस्तो रोपवे पुनः सञ्चालनमा ल्याउन सहज भने नभएको जानकारहरू बताउँछन् । रोपवेका कुनै पनि सामग्री पुनःप्रयोग गर्न नहुने अवस्थामा पुगिसकेको जनाइएको छ । खियालागेर रोपवेका स्टेशनहरू भग्नावशेष र तारहरू खियालागेर काम नलाग्ने अवस्थामा पुगेका छन् । वर्तमानअवस्थामा पुरानै रोपवेलाई पुर्नः निर्माण गर्न अर्बौं रकम खर्च हुने अनुमानगरिएको छ । एमालेले हेटौंडा-काठमाडौं रोपवे पुनः सञ्चालन मात्र नभई देशका अन्य स्थानमा समेत सम्भाव्यता हेरी रोपवे सञ्चालन गर्ने महत्वाकांक्षी योजना अघि सारेको छ । रोपवेको सञ्चालन देशका विकट जिल्लाहरूमा उपयुक्त हुन सक्छ ।

मुलुकमा रोपवेको कथा अलग्गै छ । २०१६ सालमा विकासको पूर्वाधार मध्ये रोपवे एक मेरूदण्डका रूपमा रहेको थियो । तर, रोपवे संरक्षण मर्मतको कमीले बन्द भयो । आफूले निर्माण गर्नुको सट्टा अरूले बनाइदिएको संरचनालाई संरक्षण र मर्मत सम्भार गर्न नसक्दा रोपवे बन्द हुन पुगेको हो । करोडौं लगानी गरेर अमेरिका र ब्रिटिस सरकारले बनाइदिएको हेटौंडा-काठमाडौं रोपवेको एउटा सानो मेसिन मर्मत सम्भार गर्न नसक्दा बन्द मात्र भएन, उपकरण र सामग्रीहरूसमेत बेवारिसे र अलपत्र परेका छन् । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालादेखि रोपवे बन्द भएको थियो । कोइराला २०५६ चैत ९ गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए । रोपवे वैशाख २०५६ देखि बन्दभएको थियो । कांग्रेस सरकारकै पालामा २०५९ सालमा मन्त्रिपरिषद्को



निर्णयबाट रोपवेलाई खारेजीको निर्णय भएको थियो । जतिबेला प्रधानमन्त्री शेरबहादुर देउवा थिए । विक्रम सम्वत २०५८ साउन ११ गते प्रधानमन्त्री नियुक्त भएका देउवाले २०५९ असोज १८ सम्म कार्यभार सम्हालेका थिए ।

मकवानपुरको भैंसेस्थित सवस्टेसनमा बिग्रेको तार र ट्रान्सफर्मर मर्मत सम्भारका लागि सरकारले रकम उपलब्ध गराउन नसक्दा २०५६ सालबाट बन्द रोपवे सञ्चालन नै गर्न नसकिने गरी जीर्ण बनेको हो । हाल लगभग २९ करोड बराबरको सम्पत्ति (२०६१ मा अर्थ मन्त्रालयको मुल्यांकन) कौडीको मूल्यभै भएको छ । तत्काल मर्मतका लागि सरकारले ४ लाख रूपैयाँ छुट्याउन नचाहेपछि रोपवे चलाउनै नसकिने गरी जीर्ण अवस्थामा पुगेको थियो ।

रोपवे ४२ किलोमिटर लामो छ । रोपवेले दैनिक १० घण्टा चलेर २ सय २० टन सामान ओसारपसार गर्थ्यो । श्रम तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत सञ्चालित रोपवे सेवामा ९ सय जना रोजगार थिए भने ४ घण्टामा हेटौंडाको सामान काठमाडौं पुऱ्याउने गर्थ्यो । भैंसेमा ट्रान्सफर्मर पड्केपछि रोपवे बन्द भएको थियो ।रोपवेको कुरूवा काममा कार्यरत रहेका चन्द्रनारायण श्रेष्ठले यसअघि सरकारले चाहेर पनि रोपवे सञ्चालनमा ल्याउन नसक्ने दाबी गरेका थिए । उनको दाबीअनुसार सरकारले रोपवेलाई यसअघि निजीकरण गर्न खोज्दा पनि सफल हुन सकेको थिएन । अर्थ मन्त्रालयले २०६१ मै मूल्याङ्कनकर्ता नियुक्त गरी निजीकरणको प्रयास थालेको थियो । २०६२ मा रोपवे सञ्चालन गर्न अर्थले आशयपत्र मागेपछि तीनवटा कम्पनीले प्रस्ताव पेस गरे पनि कुनै निर्णय हुन सकेको थिएन ।

रोपवे काठमाडौंबाट हेटौंडा ल्याउँदा प्रतिघण्टा ११ टन सामान बोक्न सक्थ्यो भने हेटौंडाबाट काठमाडौं प्रतिघण्टा २२ टन सामानल्याउन सक्थ्यो । रोपवेको सुरूको क्षमता २५ टन भए पनिपछि क्षमता घटेर २२ टन थियो । बन्द नहुञ्जोल रोपवेले प्रतिकेजी ३४ पैसामा सामान ढुवानी गर्दै आएको थियो । रोपवेको हेटौंडा, भैसे, भीमफेदी, गोल्फिङ, जुरिखेत, नयाँगाउँ र थाक्सिङ र काठमाडौंको टेकुमा स्टेशन रहेको छ । मकवानपुरको धोर्सिङदेखि काठमाडौंको मातातीर्थसम्म सञ्जाल रहेको रोपवेको त्यस समय काठमाडौंको भन्सार टेकुमा रहेका कारण मातातीर्थसम्म रोपवेबाट पुगेका सामग्रीहरू ट्रली निर्माण गरी टेकु पुऱ्याउने गरिएको थियो ।

वि.सं. २०११ सालको बाढीपहिरोले धोर्सिङस्थित पावरहाउस ध्वस्त भएपछि यसको मर्मत र विस्तार गरियो र २०१६ सालमा फेरि रोपवे हेटौंडा-मातातीर्थ-टेकुसम्मनिर्माण गरी २०२० सालबाट सञ्चालन हुन थालेको थियो ।

अमेरिकी सहयोगमा ६४ लाख डलर खर्च गरेर निर्माण भएको रोपवेबाट एक किलो सामाग्रीको ५ पैसामा ढुवानी हुने गरेकोमा सामग्री ओर्सादा प्रतिकिलो एक पैसा मात्र खर्च हुने गरेको पुराना बासिन्दाहरूको भनाइ छ । त्यतिबेलाका बासिन्दाहरू रोपवे स्थापनालाई नयाँयुगको सुरूवातको रूपमा लिने गर्दथे र यसको प्रशंसा नगर्ने कमै मानिस भेटिन्थे । तर अहिले तारमा झुण्डिएका डब्बाहरूमा झार उम्रिएका छन्, रोपवेका कारण घर नबनेका स्थानहरूमा अहिले धमाधम घर निर्माण हुन थालेका छन् । पेट्रोलियम पदार्थको उच्च अभाव र बढ्दो महंगीको समयमा कम खर्चमा सामान ढुवानी गर्ने रोपवेको महत्व सान्दर्भिक देखिएको छ । तत्कालीन समयमा हेटौंडा-१ चौकीटोलमा रामजी वैद्यको अधिग्रहण गरिएको करिव २ विगाह जग्गा अहिले अतिक्रमणको सिकार पनि बन्दैछ । करिब ४ लाख रूपैयाँ खर्चिएर भैंसेस्थित जेनेरेटर मर्मत नगर्दा नेपालको पहिलो रोपवे बन्द भएको थियो ।

रोपवेका ८ वटा टर्मिनल र ७ वटा स्टेशनहरू रहेका थिए भने ३ सय ५३ वटा टावर थिए । सुरूमा ३ सय ६० वटा डम्बा (क्यारिएर) रहेकोमा २०५५ सालसम्म आइपुग्दा घटेर एक सय ६० वटा मात्र बाँकी थिए । रोपवको एउटा डब्बाले हेटौंडाबाट काठमाडौं जाँदा ५ सय ५० किलो र काठमाडौंबाट हेटौंडा आउँदा दुई सय ७५ किलो मालसामान बोक्ने गरेको थियो । ४ सय ५० हर्सपावर को रोपवेको क्षमता हेटौंडाबाट काठमाडौं जाँदा २२ टन प्रतिघण्टा र काठमाडौंबाट हेटौंडा आउँदा ११ टन प्रतिघण्टा भार बहन क्षमता थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# बालबालिकालाई खाजा खुवाउन पूर्व विद्यार्थीको सहयोग



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर २ मा रहेको मत्स्यनारायण माविलाई आर्थिक सहयोग प्राप्त भएको छ ।

मत्स्यनारायण माविका भुतपुर्व विद्यार्थी अशोक बस्नेतले विद्यालयको बाल कक्षाका बालबालिकाकहरूका लागि खाजा खुवाउन ५ हजार रूपियाँ सुहयोग गरेका हुन् । बस्नेतले सहयोग रकम प्रधानाध्यापक विष्णुहरि ढकाललाई हस्तान्तरण गरेका हुन् ।

विद्यालयलाई सहयोग गरेकोमा प्रधानाध्यापक ढकालले पूर्व विद्यार्थी बस्नेतलाई धन्यवाद दिएका छन् ।

# मार्खुको सृजना महिला सहकारीको कारोबार ९ करोड नाघ्यो

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिका वडा नम्बर १ मा रहेको सृजना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २३ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । मार्खुमा सम्पन्न साधारणसभा इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको प्रमुख आतिथ्यमा भएको हो ।

सभामा सहकारी संस्थाकी अध्यक्ष बिमला श्रेष्ठले सभासमक्ष पेश गरेको अध्यक्षको प्रतिवेदन, सचिव सानुमैयाँ लामाको प्रतिवेदन तथा कोषाध्यक्ष विष्णुमायाँ तामाङको प्रतिवेदन पारित भएको छ । १ हजार ७६ सदस्य रहेको सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा अघिल्लो वर्षको तुलनामा ४.९ प्रतिशत सदस्य वृद्धि गरेको छ । ९ करोड १९ लाख ७६ हजार ३८९ रूपियाँ कारोबार गरेको सहकारीले ३७ लाख ५३ हजार ४७३ रूपियाँ नाफा गरेको छ । सहकारीले अघिल्लो वर्ष २२ लाख ८० हजार ६२ रूपियाँ मात्र नाफा गरेको थियो । संस्थाले ११ किसीमको बचत कार्यक्रम संचालन गर्दै आइरहेकोमा शेयर हरूलाई विभिन्न शीर्षकमा राहत वितरण गर्दै आएको छ । सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा मृत्यू भएका ७ जना सदस्यहरूलाई राहत दिएको छ भने हकवाला मृत्यू भएका ८ जना र सुत्केरी भएका २० जना सहकारीका सदस्यहरूलाई राहत वितरण गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।





संस्थाले साधारण सभाको अवसरमा उत्कृष्ट बचतकर्ताहरूमा सोमलक्ष्मी पाख्रिन, कृष्णमायाँ प्रधान नगरकोटी, मुना विष्ट र बाटुली छुमीलाई सम्मान गरेको छ । ज्येष्ठ नागरिक सदस्यहरूमा माइली तामाङ, उर्मिला विष्ट, लवयी बलामी, केशरी मायाँ थापा मगरलाई थर्मस उपहारसहित सम्मान गरिएको छ भने तथा शाररिक अशक्तहरूलाई सहायक सामाग्री वितरण गरिएको थियो । मिना गोले, कन्चन बलामी, लक्ष्मी कुवँर र सानमियाँ थापालाई नगद १ हजार ५ सय सहित सम्मान गरिएको हो । सो अवसरमा कर्मचारीतर्फ बचत सहायक विमला शाही ठकुरी र ऋण सहायक लक्ष्मी योन्जन लामालाई सम्मान गरिएको छ ।

संस्थाले उत्कृष्ट कारोबार सदस्य सम्मान, ज्येष्ठ नागरिक सम्मान, रेमिट्यान्स कार्यक्रम बीमा कार्यक्रम संचालन गरिरहेको छ । कृषक समूह तथा कृषि फर्म दर्ता गरी कृषि पेशामा लागेका सदस्यहरूका लागि गाउँपालिकासंगको साँझेदारीमा इन्द्रसरोवर गाउँपालिकाबाट ७० प्रतिशत व्याज अनुदान कार्यक्रमकलाई निरन्तरता दिएको छ । यसका लागि सहकारीले १० लाखसम्म ऋण लगानी गर्दै आएको छ ।

जिल्ला बचत तथा ऋण सहकारी संस्था संचालक सदस्य फणिन्द्रनाथ सुवेदी तथा इन्द्रसरोवर गाउँपालिका १ नम्बर वडाध्यक्ष सुवास थापाको विशेष आतिथ्यमा भएको कार्यक्रममा सव इन्जिनियर रूद्रप्रसाद न्यौपाने, पूर्व वडाध्यक्ष जमानसिं वाइवा, इन्द्रसरोवर युवाक्लबका अध्यक्ष मणिराज थापा, राजु बस्नेत, लगायतकाको आतिथ्यता रहेको थियो ।

कार्यक्रम सहकारी संस्थाकी अध्यक्ष विमला श्रेष्ठको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा शेयर सदस्य, स्थानस्य संघसंस्थाका प्रतिनीधिहरूलगायतको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमका अतिथीहरूलाई मायाँको चिनो पनि प्रदान गरिएको थियो ।

# बुढीचौरमा फापर खेती मौलाउँदै



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नम्बर ८ को बुढीचौरमा फापरखेती मौलाएको छ । बुढिचौर क्षेत्रमा किसानले छरेको फापर ढकमक्क फुलेको छ ।

पालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा रैथानेबाली प्रवर्द्वन कार्यक्रम अन्तर्गत बाँझो जमिनमा रैथानेबाली (फापर र जौ) खेती गरेवापत प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रम बमोजिम बुढीचौरमा एक हेक्टर बाँझो जमिनमा खनजोत गरि फाँपर खेती गरिएको मकवानपुर गढी गाउँपालिकाका कृषि विकास शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । बुढीचौरमा मिठे फाँपर र तिते फापरको खेती हुदै आईरहेको छ ।

# ७ स्थानीय तहको नदिजन्य पदार्थको स्टक प्रमाणित

◆ विकास संवाददाता

मकवानपुरका सात वटा स्थानीय तहका ५१ वटा क्रसर उद्योगको नदिजन्य पदार्थको स्टक प्रमाणित गरिएको छ । स्टक प्रमाणित गर्दा धेरैजसो क्रसर उद्योगले जरिवाना रकम तिर्नुपर्ने भएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरले आफ्नै कार्यालयमा पत्रकार सम्मेलन गर्दै सात वटा स्थानीय तहको नदिजन्य पदार्थको स्टक प्रमाणित गरिएको र अब दुई वटा स्थानीय तहको मात्र बाँकी रहेको जानकारी गराएको छ ।

क्रसर उद्योगले तोकिएको भन्दा बढी नदिजन्य पदार्थ उत्खनन् गरेको पाइएकोले तत्काल जरिवाना रकम संकलन गर्नका लागि आफुहरूले सात वटै स्थानीय तहमा पत्राचार गरिएको समन्वय समितिका प्रमुख ललित घलानले बताए । मनहरी गाउँपालिकामा १२ वटा, राक्सिराङ गाउँपालिकामा ५ वटा, ईन्द्रसरोवर गाउँपालिकामा १ वटा, हेटौंडा उपमहानगरपालिकामा २२ वटा, भीमफेदी गाउँपालिकामा ४ वटा, मकवानपुरगढी गाउँपालिकामा ३ वटा र बकैया गाउँपालिकामा ४ वटा क्रसरहरूको स्टक प्रमाणित गरिएको प्रमुख घलानले जानकारी दिए । यस्तै, थाहा नगरपालिका र कैलाश गाउँपालिकामा स्टक प्रमाणित गर्न बाँकी रहेको घलानले बताए ।

नदिजन्य तथा खानीजन्य जिल्ला अनुगमन समितिबाट हालसम्म उपसमितिको सिफारिसमा गरिएको अनुगमनको प्रतिवेदन सम्वन्धीत स्थानीय तहमा पठाइसकिएको घलानले बताए । अब भने मकवानपुरको थाहा नगरपालिका र कैलाश गाउँपालिकाको स्टक प्रमाणित गर्नका लागि बाँकी रहेको निमित्त जिल्ला समन्वय अधिकारी सुनिता कुमारी गजुरेलले बताइन् ।

यसैगरी पत्रकार सम्मेलनमा समन्वय समितिले चालु आर्थिक वर्षको तीन महिनामा गरेका कामको विवरण पनि सार्वजनिक गरेको छ । समन्वय समितिले चालु आर्थिक वर्षको साउन १ गते देखि असोज मसान्तसम्म गरेको कामको विवरण सार्वजनिक गरेको हो । जिल्ला समन्वय समितिका सातै जना सदस्यहरूलाई कार्यक्षेत्र बाडफाँड गरेर काम सुरू गरिएको समन्वय समितिका प्रमुख घलानले बताए ।

कार्यक्रममा समन्वय समितिका उपप्रमुख सानोकाजी लुइटेल, सदस्यहरू, कर्मचारीहरू लगायतकाको सहभागिता रहेको थियो ।

# मकवानपुरमा मानवअधिकार उलंघको उजुरी शुन्य

◆ विकास संवाददाता

बागमती प्रदेशमा गत आर्थिक वर्षमा मानव अधिकार उलंघनको ३३ उजुरी परेको छ । प्रदेशको १३ जिल्लाबाट उजुरी पर्दा मकवानपुरबाट भने कुनै पनि उजुरी नपरेको राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेश कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७८/०७९ को मानवअधिकारको अवस्था यस्तो तथ्याङ्केक रहेको कार्यालयले जानकारी दिएको छ ।

मानवअधिकार आयोगका बागमती प्रदेश कार्यालयका उपसचिव यज्ञप्रसाद अधिकारीले गत आर्थिक वर्षमा बागमतीमा ३३ वटा उजुरी परेकोमा प्रदेशको राजधानी समेत रहेको मकवानपुरमा भने एउटा पनि उजुरी नपरेको उल्लेख गरे । मकवानपुर सहित बागमतीका रसुवा र सिन्धुलीबाट पनि कुनै उजुरी नपरेको उनको भनाई छ उजुरी पर्नेमध्ये सबैभन्दा धेरै काठमाण्डौंको रहेको छ । काठमाण्डौं जिल्लाबाट ८ वटा उजुरी परेका छन भने ललितपुरबाट ७ वटा उजुरी परेको छ ।

उजुरी पर्ने अन्य जिल्लाहरूमा चितवनबाट ४ वटा, नुवाकोटबाट ४ वटा, सिन्धुपाल्चोकबाट ३ वटा, धादिङ र दोलखाबाट २-२ वटा तथा रामेछापबाट १ उजुरी परेको छ । आयोगमा उजुरी हालेपनि कार्यन्वयनको पक्ष भने निकै फितलो हुँदा न्यायको अनुभव कम हुने गरेको अधिकारीको भनाई छ । नेपालमा राष्ट्रिय मानवअधिकार आयोगमा परेका उजुरीमध्य १०.५ प्रतिशतलाई मात्र कारबाहीको दायरामा ल्याईएको उनले बताए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।


थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा





जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# मकवानपुरको थाहानगरबाट धादिङसम्म सडक मार्ग जोडिंदै



◆ विकास संवाददाता

उत्तरी मकवानपुरबाट पश्चिम मकवानपुर हुँदै धादिङ जोड्ने अर्को सडक पनि मकवानपुरमा थपिने भएको छ । पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाको पहलमा संसद विकास कोष अन्तर्गतको रकमले उत्तरी मकवानपुर र पश्चिम मकवानपुरका बासिन्दालाई थप राहत हुने गरी सडक निर्माणको काम अघि बढ्न लागेको हो । यसका लागि यही साता टेण्डर गर्ने सडक विभागको तयारी छ ।

थाहा नगरपालिकाको वडा नम्बर ७ बाट कैलाश गाउँपालिकाको गोगने, पकनी, सानो डाँडाखर्क हुँदै धादिङ जोड्ने गरी सडकको टेण्डर गर्न लागिएको सडक विभागले जनाएको छ । वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन आउनासाथ डिपिआर सकिएकाले टेण्डर हुने विभागको भनाइ छ । कैलाशबाट धादिङको आमदघाट, मलेखु जोड्ने सडकहरूमा यो सडक पनि जोडिने भएको छ ।

यो सडक बनेपछि थाहाको डाँडाबासबाट धादिङ र पश्चिम मकवानपुरको मनहरी आउजाउका लागि पनि सहज हुने भएको छ । यस्तै, मनहरीबाट खैराङ हुँदै आदमघाट जोडिने सडकका लागि ९८ करोडको सडक प्रस्तावित भएर काम भइसकेको छ । '३ वर्षअघिको योजना थियो, मनहरी आदमघाट सडकको योजना अघि बढ्दा पुरानो योजना पनि कार्यान्वयन हुने खबर पाएँ,' पूर्वमन्त्री विरोध खतिवडाले भने, 'केहीदिनमै टेण्डर भएर काम अघि बढ्दा उत्तरी मकवानपुर र पश्चिम मकवानपुरमा सडक सञ्जाल विस्तार भएर त्यहाँका वासिन्दालाई थप राहत पुग्ने छ ।'

> यो सडक बनेपछि थाहाको डाँडाबासबाट धादिङ र पश्चिम मकवानपुरको मनहरी आउजाउका लागि पनि सहज हुने भएको छ ।

सडक विस्तारपछि विकट र दूरदराज भनिएका बस्तीको उत्पादन सहजसँग पालुङ, मनहरी, धादिङ र काठमाडौंसम्म लैजान थप मदत मिल्ने थाहा नगरपालिकाका पूर्वप्रमुख लवशेर विष्टले बताए ।

# अब घरजग्गा रोक्का–फुकुवा बैङ्कबाटै

◆ विकास संवाददाता

अब घरजग्गा रोक्का-फुकुवा बैंकबाटै हुने भएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभाग र मेगा बैंक नेपाल लिमिटेड बिच भू-सेवा प्रणालीमार्फत घर जग्गा रोक्का-फुकुवा सम्बन्धी समझदारी पत्र (एमओयू)मा हस्ताक्षर भएपछि अब घरजग्गा रोक्का-फुकुवाका लागि मालपोत कार्यालय धाउनु नपर्ने भएको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलिया र मेगा बैंक नेपाल लिमिटेडका अध्यक्ष भोजबहादुर शाहको उपस्थितिमा अनलाइन प्रणालीमार्फत धितो बन्धक रोक्का, रोक्का फुकुवा गर्ने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

विभागमा आयोजित कार्यक्रममा समझदारी पत्रमा भूमि व्यवस्थापन तथा अभिलेख विभागका तर्फबाट महानिर्देशक पीताम्बर घिमिरे र मेगा बैंकका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठले हस्ताक्षर गरे ।

मेगा बैंकले नेपालमै पहिलो पटक विभागसँगको समन्वयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका (पहिलो संशोधन), २०७८ बमोजिम भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिई घर, जग्गाको रोक्का-फुकुवा अनलाइनबाट गर्ने कार्यको सुरूवात गरेको हो ।

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

## हिंसा विरुद्ध सार्वजनिक सन्देश

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**थाहा नगरपालिका**
**महिला तथा बालबालिका शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

## सभ्य समाजको पहिचान : लैङ्गिक हिंसा विरुद्धको अभियान

**लैङ्गिक हिंसा दण्डनीय अपराध हो । कोही कसैलाई हिंसा भएमा निःशुल्क फोन नं. १०० र ११४५ मा उजुरी गरौं । २०७९ मसिर ९ गतेदेखि मसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

